# ६ विश्वास अर्थात् आस्थाको परिभाषा वा व्याख्या

*यस अध्यायको निम्ति पढ्नुहोस्:* रोमी ५

*स्मरण गर्नुपर्ने पद:* "परमेश्वरप्रति हाम्रो आस्थाले गर्दा उहाँसँग हाम्रो सम्वन्ध ठिक हुनगएको छ। हाम्रो प्रभु येशू ख्रीष्टले गर्दा परमेश्वरसँग मेल भएको छ। येशूमाथि विश्वास राखेको कारणले हामीले परमेश्वरबाट अनुग्रह पाएका छौं। त्यहि अनुग्रहमा हामी उभेर बसेका छौं। परमेश्वरको महिमामा हामी पनि सहभागी हुने अपेक्षा गरेकाले हामी हर्षले भरिएकाछौं" (रोमी ५:१,२बाट रूपान्तरित)

येशूमा विश्वास राखेको कारणले मात्र हामी परमेश्वरसँग ठिक हुन्छौं भन्ने कुरालाई पावलले स्पष्ट गरेर देखाएको पाउँछौं। परमेश्वरको सामु ठिक भएर हामी उभिन केवल येशूको पवित्र जीवनमात्र पर्याप्त छ। यहि महान् सत्यलाई आधार मानेर पावलले अब यस विषयमा अझ वाख्या गर्नुभएको हामी पाउँछौं। हामी विश्वास वा आस्थाले मुक्ति पाउँछौं तर हाम्रो कामले होइन भनेर पावलले देखाउछन्। कुनै धर्मी मानिस चाहे अब्राहम जस्तो किन नहोस्, उसको धर्मकर्मले उसले मुक्ति पाउँदैन। अब पावलले अलिकति पछाडि फर्केर हेर्छन् र यो ठूलो प्रश्न सोध्छन्: पाप, दु:खकष्ट र मृत्युको कारण के हो? यस प्रश्नको जवाफ येशूमा छ र सबै मानिसको लागि उहाँले जे गर्नुभयो त्यसमा पाइन्छ भनेर पावलले देखाउन चाहेको हामी पाउँछौं।

एउटा मानिस (आदम) पतित भएकोले सबै मानिस न्यायको आसनमा उभिनु परेको छ, परमेश्वरबाट अलगिनु परेको छ र मृत्युको सामना गर्नुपरेको छ। तर एक जना व्यक्ति (येशू)को बिजयले गर्दा सबै मानिसहरूले परमेश्वरमा नयाँ जीवन सुरु गर्ने अवसर पाएका छन्। येशूमा विश्वास राखेको कारणले तिनीहरूको पापको लेखाजोखा मेटिन सक्ने भएका छन्। यदि हामी येशूमा रहन राजी भयौं भने हाम्रा पापहरूको मुल्य चुक्ता गर्ने प्रावधान उहाँले बनाउनुभएको छ र हामी क्षमा पाएर नयाँ जीवनमा प्रवेश गर्नसक्छौं।

आदम र येशूको बिचमा के भिन्नता छ भनेर पावलले देखाउन खोज्नुभएको पनि हामी पाउँछौं। आदमले गरेका गल्तीहरूलाई सच्च्याउन येशू आउनुभएको हो भनेर पनि पावलले देखाउन खोज्नुभएको हामी पाउँछौं। आदमको पापले गर्दा दु:ख पाएकाहरूले पनि येशूलाई मुक्तिदाता भनेर ग्रहण गर्‍योभने उहाँले उद्धार गर्न सक्नुहुन्छ। सबै प्रश्नहरूको जवाफ येशूको क्रुसमा र हाम्रो सट्टामा

मनुभएको येशूमा भएको हामी पाउँछौं। चाहे यहूदी होस् वा चाहे अन्य-जाती वा गैर-यहूदी होस्, येशूद्वारा मुक्ति पाउन क्रुसले बाटो खोलेको छ। परमेश्वरको अगाडि निर्दोष भएर उभिन येशूको रगतले हामी सबैलाई समेटेको छ। तर हामीले उहाँलाई केवल ग्रहणमात्र गर्नुपर्दछ।

हाम्रो आशाको आधार यहि भएकोले यस विषयमा गहिरिएर पढ्नु अझ आवश्यक भएको महशूस हामी सबैले गर्नुपर्दछ।

## १. त्यसकारण, अब निर्दोष ठहरियो (रोमी ५:१-५)

रोमी ५:१-५मा पावलले पोखेका सन्देशलाई तपाईंले आफ्नै शव्दहरूमा वाख्या गर्नुहोस्। यसबाट तपाईंले के पाठ सिक्न सक्नुहुन्छ? यसमा यसरी लेखिएको छः

“यसकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ। उहाँद्वारा हामीले यस अनुग्रहमा विश्वासद्वारा प्रवेश पाएका छौं। यस अनुग्रहमा हामि खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं। यति मात्र होइन, तर हाम्रो आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, सहनशीलताले चरित्र, चरित्रले आशा उत्पन्न गराउँछ। आशाले हामीलाई निराशा गराउँदैन, किनकि हामीलाई दिइएका पवित्र आत्माद्वारा परमेश्वरको प्रेम हाम्रो हृदयमा खन्याइएको छ।"

कोहि मानिस “धर्मी ठहरिए वा निर्दोष ठहरिए" को अर्थ निर्दोष वा धर्मी भएको उच्चारण गर्नु हो। युनानी अर्थात् ग्रीक भाषामा यो कुनै भविष्यमा गरिने प्रक्रिया नभएर बिगतमा भइसकेको भनी जनाउँछ। हामी साधु, पवित्र वा धर्मी छौं भनेर घोषणा गरिसकिएको छ। हाम्रो कुनै काम, धर्मकर्म, अथक प्रयास वा अक्षरस रूपमा व्यवस्था तथा दश आज्ञाहरूलाई पालन गरेर हामी यो स्थितिमा पुगेको होइत, तर येशूलाई मुक्तिदाता भनेर ग्रहण गरेको कारणले मात्र हो। यस संसारमा येशूले बिताउनुभएको सिद्ध जीवन र परमेश्वरको आज्ञालाई सतप्रतिशत शिरोपर गर्नुभएकोले नै हामी निर्दोष ठहरिन गएका हौं। हाम्रा धार्मिकताको श्रेय हामी नभएर प्रभु येशू नै हुनुहुन्छ अर्थात् उहाँको जीवनले हाम्रो पापको मोलको भुक्तान गरिदिनुभएको छ।

यसको मतलब यो पनि हो, हाम्रा सबै पापहरू उहाँमा थुपरिएको छ। मानौं, हामीले होइन, येशूले नै ती सबै पापहरू गर्नुभयो

भनेर परमेश्वरले देख्नुभएको जस्तै हो। यसले गर्दा सजायँका भागी भएका हामी, अब मोक्ष पाउन सक्षम् भएका छौं। हामीले पाउनु पर्ने पापको सजायँ हाम्रो सट्टामा येशूमा थुपारीयो। उहाँको सदाशय तथा अनुग्रहले गर्दा अब हामी कहिलै पनि परमेश्वरको अगाडि दोषी ठहरिएर उभिनु नपर्ने भएको छ। पापीहरूको निम्ति यो भन्दा खुशीको शुभ-समाचार अरू के होला?

युनानी शव्दमा पद ३मा उल्लेख गरिएको "महिमा" भन्ने शव्द पद २को "रमाउँछौं" भन्ने अर्थ लगाइएको छ। पद २को "महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं" र "सङ्कष्टको समयमा पनि हामी रमाउँछौं "भनेर पद ३मा उल्लेख गरिएको "रमाहट" शव्दलाई एकै ठाउँमा राखेर हेर्न सक्यौं भने त्यस शव्दको अर्थ अझ राम्ररी हामी बुझ्न सक्छौं। प्रभु येशूमा आस्था र भरोसा राखेको कारणले क्षमा पाएका वा निर्दोष सावित भएका मानिसहरू जुनसुकै कष्ट वा कठिन समयमा पनि रमाउन सक्छन्। झट्ट हेर्दा हामी अत्यन्त खराब अवस्थामा गुज्रीरहेका देखेतापनि, हाम्रो भलाइकै निम्ति नै त्यस खराब अवस्थालाई परमेश्वरले खटाउनुभइको हो भनेर हामी ढुक्क मान्न सक्छौं। यसरी प्रभु येशूमा भरोसा राख्ने मानिसहरू अत्यन्त पिडादायी वा महासङ्कष्टमा परेतापनि प्रभुको निम्ति दुःख पाउनु प्रतिष्ठा वा अवसरको रूपमा लिएको तिनीहरूले अनुभव गर्दछन् (हेर्नुहोस् १ पत्रुस ४:१३)।

रोमी ५को ३-५मा हाम्रो निम्ति यो कदमहरू उल्लेख गरिएका छन्।

१. धिरज वा सहनशीलताः यो ग्रीक भाषाको hupomone (ह्युपिओन) भन्ने शव्दबाट आएको हो। यसको खास अर्थ चाहिँ "अटेरी भएर अघि बढिरहनु" हो। येशूमा विश्वास र आशा राख्ने भक्तहरूले अनुभव गरेका कष्टमा यस्ता खालको धैर्यताको विकाश हुन्छ। कठिन समयमा पनि अनेकन् दुःख, परिक्षा र कष्ट सहनाले येशू भक्त सहनशीलताको पोषाक धारण गरेका हुन्छन्।

२. चरित्र अर्थात् अनुभवीः "योग्य ठहरिएर स्विकार गरिएको" भनेर ग्रीक भाषाको dokime (डोकिमे) शव्दबाट आएको खास अर्थ चाहिँ "चरित्रवान हुनु" वा "असल चरित्रभएकोले स्विकार गरिएको" हो। जो मानिस धिरज र सहनशीलतापूर्वक दुःख, कष्टहरू पार गरेर चल्छन् तिनीहरूले परमेश्वरले स्विकार गर्नुभएको चरित्रको विकास गर्न सक्छन् भनेर पावलले भन्न खोजेको हामी पाउँछौं।

३. आशाः चरित्रवान धिरजी मानिस आशामा लम्किरहेका हुन्छन्। येशूमा पाइने आशा र मुक्तिको प्रतिज्ञामा नै हाम्रो जीवन लक्षित भएका हुन्छन्। येशूप्रतिको आस्थालाई हामीले पकडि राख्यौं भने हाम्रो सबै आशा उहाँमा नै पल्हाएर गइरहेका हुन्छन्। त्यहि आशाले गर्दा हामी पश्चाताप पनि गर्छौं र उहाँको आज्ञाकारी भक्त पनि हुन्छौं।

अरू कुनै भन्दा तपाईंको जीवनमा के एउटा आशा छ जसले गर्दा तपाईंको जीवन परिचालन भइरहेको छ? ती आशा येशूमा कसरी पूर्ण हुनसक्छ? वा के पूर्ण हुनसक्छ र? यदि हुँदैन भने, के त्यो आशालाई पकडि राख्नु तपाईंको निम्ति भलो होला र?

## २. परमेश्वरले हामीलाई खोज्दै हुनुहुन्छ (रोमी ५:६-८)

परमेश्वरको चरित्रको बारेमा रोमी ५:६-८मा के भनिएको छ? हाम्रा धेरै आशाहरू ती पदहरूमा कसरी आधारित छन्?

आदम र हवाले परमेश्वरको व्यवस्थालई तोडे र तिनीहरू पापमा फसे। तिनीहरूलाई आफ्नो साथमा ल्याउन परमेश्वरले प्रथम् कदम चाल्नुभयो। त्यहि बेलादेखि नै पापीहरूको निम्ति प्रथम कदम उहाँले चालिरहनुभएको छ। मुक्तिको बाटोलाई परमेश्वरले सम्भव बनाउनुभयो। अनि उहाँले मानिसहरूलाई चाहे त्यो पुरुष होस् वा महिला त्यो मुक्तिलाई स्विकार गर्न निम्त्याउनुभयो। "अनि उचित समयमा परमेश्वरले आफ्नो पुत्रलाई यस संसारमा पठाउनुभयो।" (गलाती ४:४)।

येशूले गर्दा हामी परमेश्वरको क्रोधबाट वच्न सक्छौं भनेर पावलले रोमी ५:९मा भन्नुभएको छ। यो हामीले कसरी बुझ्ने?

इस्रायलीहरुको इतिहासको पाना हामीले पल्टायौं भने तिनीहरू ४०० वर्ष मीश्रदेशमा दासत्व जीवन बिताएको हामी पाउँछौं। त्यस दासत्व जीवनबाट छुटकारा दिन परमेश्वरले मोसालाई प्रयोग गर्नुभएको थियो। फारो राजाको हृदय पगाल्न परमेश्वरले अनेकन् प्रयास गर्नुभएको थियो। र परमेश्वरले अन्तिम अस्त्र सारा इजिप्तका पहिला जन्मेका जीवहरूको नाश गर्ने निधो गर्नुभएको थियो। त्यसमा जनावर मात्र नभएर मानिसहरू पनि परेका थिए। परमेश्वरले मोसालाई भन्नुभयो मृत्युको दूत सारा इजिप्तका घरघरमा जानेछ र त्यस घरमा जन्मेका प्रथम व्यक्तिको जीवनको सास वन्द गरिदिनुहुनेछ। यसबाट वच्न पाठोको रगत बेलुका नै घरको ढोकामा लेप्नु भनेर इस्रायलीहरूलाई

परमेश्वरले मोसाबाट निर्देशन दिनुभएको थियो। त्यसकारण त्यो रात जब मृत्युका दूत त्यस मिश्रदेशमा घुमे कुनै पनि घरमा तिनी पसेनन् जसको घरको ढोकामा रगतले लिपेको थियो। त्यस पाठोको रगतले इस्रायलीहरू मानौं चोखो भएर सुरक्षित भएका थिए। तर मिश्रदेशका बासिन्दाका जेष्ठ बालबालिकाहरूले मृत्युको दूतलाई अँगाल्नुपरेको थियो, किनभने ती मीश्री देशका बासिन्दाहरूको घरको ढोकामा रगतले पोतेको थिएन। यहि तरिकाले जो कोहि येशूको रगतमा विश्वास राख्दछ त्यसलाई परमेश्वरले पापबाट सुरक्षित राख्नुहुन्छ किनभने त्यस व्यक्ति निर्दोष भएर परमेश्वरको अगाडि खडा भएको हुन्छ। अनि त्यो समय आउने छ जब संसारको इतिहासको अन्तमा पापले भरेको यस संसारलाई परमेश्वरको क्रोधले नाश गर्नुहुनेछ त्यसबखत येशूलाई विश्वासद्वारा पकडि राख्ने सबै सुरक्षित हुनेछन्।

सदाशयी, प्रेमिलो परमेश्वर क्रुद्ध कसरी हुनुहुनेछन् भन्ने धारणालाई कतिपयलाई बुझ्न कठिन भएको हामी महशूस गर्दछौं। उहाँकै प्रेमले गर्दा उहाँ रिसाउनुहुन्छ भन्ने कुरालाई कतिजनालाई अचम्म लाग्ला। याद गर्नुहोस्, जुन परमेश्वरले यस संसारलाई प्रेम गर्नुभयो त्यस संसार पापले भरिन्दा के उहाँ रिसाउनुहुन्न र? यदि परमेश्वरले हामीप्रति सरोकार नराख्नु हुने भए यस संसारमा के भइरहेको छ त्यसप्रति पनि वास्ता गर्नुहुने थिएन होला। पापले गर्दा उहाँको सृष्टि कसरी तहसनहस भइरहेको छ, सो सोच्नुहोस्। पापले गर्दा भयङ्कर परिणाम भोगिरहेका यस संसारमा पापप्रति परमेश्वर क्रुद्ध हुनु के अनौठो मान्ने कुरो हो र?

हामी खुशी हुनुपर्ने कारणहरू छन् रे ! रोमी ५:१०,११मा आनन्द हुनुपर्ने कारणहरू के हुन् भनेर पावलले बताएका छन्? यसमा यसरी लेखिएको छः पद १० "किनकि हामी परमेश्वरको शत्रु छन्दै अर्थात् उहाँको विरुद्धमा जादाजादै पनि उहाँको पुत्रको मृत्युद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको थियो भने, झन बढि उहाँसँगै मिलाप भएको हुनाले ख्रीष्टको जीवनद्वारा हामी बचाइनेछौं।" पद ११ "यति मात्र होइन, तर यदि हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरमा हामी रमाउँदै पनि जानेछौं, उहाँद्वारा अब हामीलाई परमेश्वरसँग मिलाप प्राप्त भएको छ (अर्थात् मिल्ने अवसर पाएका छौं)।"

यस संसारमा येशूको अनुकरणीय आदर्शको जीवनलाई माथिका पद १०ले औंल्याएको भनेर कतिपय बुद्धिजीविहरूले दावी गर्दछन्। यस संसारमा रहदा उहाँले सिद्ध चरित्रलाई बिकास गर्नुभयो जसले गर्दा हाम्रो

पापको सट्टामा येशू मर्नु योग्य हुनुभयो, अनि हाम्रो पापको मोल चुक्ता गर्नुभयो। मुक्तिको त्यो उपाय हामीलाई अहिले उपलव्ध गराउनुभएको छ भनेर बाइबलका चिन्तकहरूले भन्दछन्। तर येशूको जीवनमात्र होइन, उहाँको मृत्यु, पुनरुत्थान र सदासर्वदा जीवित हुनुभएकोले हामी मुक्ति पाउँछौं भनेर पावल दावी गर्दछन् (हिब्रू ७:२५)। यदि येशू चिहानमै गाडिएर बस्नुभएको हाम्रो आशा पनि उहाँसँगै मर्ने थियो। अनि पद ११मा चाहिँ येशूमा खुशी, आनन्द हुनुपर्ने कारणहरू बताइएको पाउँछौं। येशूले हाम्रो निम्ति जे गर्नुभयो त्यसले गर्दा हामी रमाउने प्रसस्त ठाउँहरू भएको पाउँछौं।

## ३. मृत्युले निलिदिए (रोमी ५:१२)

मृत्यु हाम्रो परम शत्रु हो। जब परमेश्वरले मानिसहरूला सृष्टि गर्नुभयो, तब उहाँको योजना थियो कि तिनीहरू सदासर्वदा जीवितै रहुन्। साधारणतया कोहि पनि मानिसहरू मर्न चाहदैन्। कोहि मर्न चाहन्छन् भने केवल केहि ती व्यक्तिहरू हुन् जसले पिडा सहनसकदैनन्। किनभने कष्टकर जीवन बिताउनुभन्दा मर्नु नै जाती छ भनेर तिनीहरूको धारणा हुन्छ। हाम्रो मौलिक स्वभावको बिरूद्ध मृत्यु चलिरहेको हुन्छ। हामीलाई बाचीहने चाहना परमेश्वरले सुरुदेखि नै हाम्रो चेतनामा राखिदिनुभएकोले हामी कोहि पनि मर्न चाहन्नौं। जब आदम र हवालाई परमेश्वरले सृष्टि गर्नु भयो, मृत्यु भन्ने तत्व तिनीहरूले चिन्ने आवश्यकता उहाँले गर्नुभएको थिएन न त त्यसको अस्तित्व नै थियो। यसरी नै हाम्रो लागि पनि मृत्यु बिरानो नै हुनुपर्ने थियो।

पावलले रोमी ५:१२मा भन्नुहुन्छः "एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु। यसरी सबै मानिसहरूले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो।" यस पदले के विषय हामीलाई स्पष्ट पारिएको छ?

बाइबलमा भएका हजारौं पदहरूमध्ये बाइबलका विद्वानहरूले यस विषयमा तर्कवितर्क अरूमा गरेको पाउँदैनौं। सेभेन्थ-डे एडभेन्टिस्ट बाइबल कमेन्टरीले ती बाइबलका वुद्धिजीविहरूको बारेमा एउटा धारना यसरी प्रस्तुत गर्दछः "ती बाइबलका बुद्धिजीविहरूले पावलले भन्न चाहेको भन्दा फरक प्रयोजन (उद्देष्य) गर्न चाहेकोले तिनीहरू अलमलिएका हुन्"-ठेली ६, पृ. ५२९बाट रूपान्तरित।

तिनीहरूले एउटा बुँदामा तर्कवितर्क गर्दछन्: आदमका पाप पछिका पिँढीहरूमा कसरी सरे त? के आदमका पछिका सन्तानले

उनको दोषमा सहभागी हुन पुगे त? वंशअनुसार सरेको रोग झैं के उनको पाप पनि त्यसरी नै सरेको हो त? वा तिनीहरू आफ्ना पापको कारण परमेश्वरको सामु दोषी ठहरिए? पावलले भनेका माथिको पदलाई उल्लेख गरेर कतिपय मानिसहरूले उपर्युक्त जिज्ञासाका जवाफहरू

पाउन मगज खियाएको हामी पाउँछौं। तर त्यस पदमा नियाल्यौं भने त्यस पदले ती जीज्ञासाहरूको जवाफ दिन खोजेको पाउँदैनौं, न त त्यस बिषयमा छलफल गर्न नै खोजेको पाउँछौं। पावलले भन्न चाहेको कुरा अर्कै थियो। उनले पहिला भनेकै कुरालाई केन्द्रिभूत गर्दै पून भन्दछन्: "सबै मानिसले पाप गरेका छन् (रोमी ३:२)। हामी सबै जना पापी छौं भन्ने कुरालाई जान्नुपर्दछ। यसलाई स्विकार्न सक्यौं भने हाम्रो निम्ति मुक्तिदाताको आवश्यकता भएको महशूस गर्नेछौं। आदमले गर्दा पाप यस संसारमा कसरी आयो र त्यो कत्तिको खराब छ भनेर मानिसहरूले जानुन भनेर पावलले वाख्या गर्न खोजेका थिए। अनि आदमको पापले गर्दा ल्याएको दुःखद परिणामको समाधान परमेश्वरले येशूद्वारा गर्नुभएको छ भनेर पावलले माथिको पदद्वारा देखाउन खोजेको पाइन्छ।

तर फेरि यस पदले केवले आदि कहानी भन्दछ। आदमको पापले गर्दा हामी मृत्युको पाशोमा परेकाछौं भन्ने मात्र यस पदले भन्दछ। येशूमा जीवन पाएर त्यस मृत्युलाई जित्न सक्छौं भनेर त्यस पदले भन्दैन। मृत्यु जीवनले निलिसक्यो भन्ने सन्देश गरिमामय सुसमाचारको प्रमूख सन्देश हो। प्रभु येशू, मृत्युको पाशोमा पर्नुभयो र त्यस पाशोलाई उहाँले छिनाल्नुभयो। उहाँले भन्नुहुन्छः "म जीवित छु। म मरेको थिएँ। हेर ! अब म सदाको निम्ति जीवित छु। अनि मसँग मृत्यु र नरकको साँचो छ।"(प्रकाश १:१८बाट रूपान्तरित)। येशूसँग साँचो भएकोले अब त्यस शत्रु मृत्युले चिहानमा बसेकाहरूलाई सधैं तालाबन्धीमा राख्न सक्दैन।

मृत्युको दुःखद अनुभव र यसको यथार्थतालाई तपाईंले आफ्नो जीवनमा कसरी लिनुभएको छ? यहि मृत्युको मुखमा हामी पर्छौं भनेर थाहा पाउँदा पाउँदै हामीमा भएको भन्दा महान् आशामा केहि छ जसले हामी बाँच्न सार्थकता दिन्छ? वा यस संसारले प्रदान गर्ने भन्दा कुनै महान आशाको लागि हामी जीइरहेकाछौं?

## ४. परमेश्वरको व्यवस्था वा दश आज्ञाले हाम्रो आवश्यकतालाई जगाउँछ (रोमी ५:१३,१४)

पावलले रोमी ५:१३,१४मा के भन्दछन्? हेर्नुहोस्: "व्यवस्था दिनु अघि पनि संसारमा पापै थियो, तर जहाँ व्यवस्था छैन, त्यहाँ पापको लेखा पनि हुँदैन। आदमदेखि लिएर मोशासम्मको मानिसहरूमाथि पनि मृत्युले राज्य गऱ्यो, तिनीहरूमाथि पनि जसले आदमले गरेजस्तो अपराध गरेका थिएनन्। ती आदमचाहिँ आउनुहुनेप्रतिरूप थिए।"

"व्यवस्था दिनु अघि" भन्ने शव्दहरू "आदमदेखि मोशासम्म"सँग जान्छ। इस्रायलीहरूलाई व्यवस्था र धार्मिक रितिथितिको समय जुन् सृष्टिदेखि सिनैको पहाडसम्मको अवस्थालाई पावलले चर्चा गर्दछन्। ती व्यवस्थाहरूमा दश आज्ञा पनि समावेश भएका थिए।

"व्यवस्था दिनु अघि"को अर्थ इस्रायलीहरूलाई सिनैको पहाडमा दिइएको व्यवस्था तथा धार्मिक विधिविधान भन्दा अलग्गै केहि थियो भन्ने जनाउँदछ। यो कुन हुनसक्दैनन् र? के सिनैको पहाडमा दश आज्ञालाई लिखित रूपमा पेश गर्नु अघि झुठो बोल्नु, हत्या गर्नु, परस्त्रीगमन गर्नु र मूर्तिपूजा गर्नु परमेश्वरको अगाडि जायजै थियो त? उहाँले ती कर्महरूलाई पाप ठान्नुभएन र?

सिनैको पहाडमा इस्रायलीहरू वा यहूदीहरूलाई लिखित दश आज्ञाहरू र अरू व्यवस्थाहरू दिनु अघि पनि पापको अस्तित्व थियो भनेर बाइबलले कसरी बताउँछ। यसबारे तपाईंलाई केहि पदहरू थाहा छ कि?

सिनैको अनुभव भन्दा पहिला मानिसहरूमा परमेश्वरको बारेमा केवल सिमित ज्ञानमात्र थियो भन्ने कुरामा कसैले असहमती जनाउँदैनन् होला? यद्यपि, दुष्कर्म भनेको के हो ती कुरा सबैलाई स्पष्ट रूपमा थाहा थियो र आफूले गरेको अपराधको सजायँ आफै पाइन्छ भन्ने ज्ञान पनि थियो। परमेश्वर न्यायी हुनुहुन्छ र अनुचित तरिकाले कसैलाई पनि उहाँले सजायँ दिनुहुन्न। पावलले भन्नु हुन्छ कि सिनैको कालभन्दा पहिले मानिसहरू मरेका थिए। मृत्यु सबै मानिसमा फैलिइको थियो। हो त्यसताकाका मानिसहरूले लिखित रूपमा प्रस्तुत गरिएको दश आज्ञाहरूको खिलाफमा पाप गरेका थिएनन्, किनभने परमेश्वरले नै लिखितरूपमा ती आज्ञाहरू दिनुभएको थिएनन्। तै पनि तिनीहरूले पाप त गरे नी ? प्रकृतिबाट त्यसबेलाका मानिसहरूलाई परमेश्वरको अस्तित्वको ज्ञान थियो र त्यस प्रकृतिको नियम अनुसार नचले के हुन्छ

भन्ने उदाहरणहरू परमेश्वरले दिनुभएको थियो। यसबाट नै सृष्टिकर्ता परमेश्वर हुनुहुन्छ भनेर तिनीहरू सजग भएका थिए। तर प्रकृतिबाट पाएको उदाहरणहरूबाट पाठ सिक्नुको सट्टा तिनीहरूले आफ्नो चेतनालाई अन्धकारमै राख्न मनपराए। यो नै तिनीहरूको निम्ति पाप भएको थियो। प्राकृतिक श्रोतबाट दिइएको परमेश्वरको ज्ञानलाई गैर-जिम्मेवारीपूर्वक वेवास्ता गरिन्दा तिनीहरू परमेश्वरको सामु दोषी ठहरिए। "अदृष्य परमेश्वरका गुणहरू उहाँले सृष्टि गर्नुभएको संसारमा देखिने सम्भव भएको छ।...त्यसकारण मानिसहरूले आफूले गरेको नराम्रो कुराहरूलाई छल्ने कुनै बहाना छैन।" (रोमी १:२०बाट रूपान्तरित)।

परमेश्वरले उहाँका दश आज्ञाबाट आफ्नो चरित्र पूर्ण रूपमा कसरी झल्काउनुभएको छ? हेर्नुहोस्: रोमी ५:२०,२१।

विभिन्न शिक्षादिक्षा, विधिविधान र व्यवस्थाहरू परमेश्वरले मोसाद्वारा सिनैको पहाडमा दिनुएको थियो। त्यसमा दश आज्ञा पनि समावेश भएको थियो। इस्रायलीहरू इजिप्तबाट निस्केर सिनैको मरुभुमीमा शिविर खडा गरेर बसेको बेलामा परमेश्वरले दिनुभएको यो दश आज्ञा वा दश सुत्र कुनै नौलो थिएन। तर प्रथम् पटक परमेश्वरले यो आज्ञालाई आफ्नै हातले लेखेर यसलाई पालन गर्नु भनेर मानिसहरूलाई सम्वोधन गर्नु भएको थियो।

तर परमेश्वरले निर्देशन गर्नुभएको दश आज्ञालाई पालन गर्नु त्यत्तिको सजिलो नभएको मानिसहरूले भेट्टाए। अर्थात्, प्रसस्त पापहरूले मानिसका हृदयहरूमा ठाउँ जमाइसकेको थियो। परमेश्वरको यो दश सुत्र वा आचारसंहिता पाएपछि तिनीहरूले पाप भनेको कस्तो भयङ्कर रहेछ भनेर बुझे। दश आज्ञाको उद्देष्य नै मानिसहरूलाई मुक्तिदाताको आवश्यक छ भनेर बुझाउनु र परमेश्वरको अनुग्रहलाई स्विकार गर्न मद्दत गराउनु थियो। पुरानो करारमा पनि मानिस विश्वासद्वारा जीउँछ, विधिविधान पालन गर्दैमा धर्मी ठहरिने होइन भनेर हामीले अघि नै हेऱ्यौं। अक्षरस रूपमा संस्कारलाई पालन गरेर होइन तर आस्था तथा विश्वासद्वारा परमेश्वरको सामु निर्दोष भएको देखाउने पुरानो करारको उद्देष्य थियो।

## ५. दोश्रो आदम (रोमी ५:१८,१९)

आदम र येशूको बिचमा के भिन्न छ भनेर रोमी ५:१८,१९ले देखाएको छ? यी पदहरूमा येशूप्रतिको कस्तो आशा हामीलाई देखाइएको छ?

हामी मानिस भएको हुनाले आदमबाट अरू कुनै चिज पाएनौं, तर मृत्युको फैसलामात्र हामीले पाएकाछौं। तर जहाँ आदम पतन भयो त्यहाँ येशूले हस्तक्षेप गर्नुभयो। हाम्रो निम्ति येशूले प्रत्येक परिक्षाको सामना गर्नुभयो। हाम्रो जीवनको सुरुदेखि अन्तसम्म पाउने सबै दुःख, कष्ट र परिक्षाहरूमा उहाँ पर्नु भएको थियो। ती पतित मानविय स्थितिहरूलाई उहाँले जीत्नुभएको थियो। आदमको असफल र पतित अवस्थालाई येशूले आफ्नो रगतबाट किनेर हामीलाई शुद्ध गराउनुभयो। हाम्रो सट्टामा येशू खडा हुनुभएकोले हामीलाई परमेश्वरसँग उच्च तहमा उहाँले उचाल्नुभयो। यस हिसावले, येशू हाम्रो निम्ति "दोश्रो आदम" हुनुभएको भएको पाउँछौं।

"दोश्रो आदम येशूलाई पनि आत्मनिर्णयको अधिकार दिइएको थियो। उहाँलाई पनि कुन बाटो रोज्ने सो बाटो चुन्न स्वतन्त्रता दिइएको थियो। आफ्ना क्रियाकलापबाट जिम्मेवार वहन गर्ने अभिभारा उहाँलाई पनि सुम्पिएको थियो। प्रथम आदमभन्दा प्रतिकूल तथा विद्रोहि संसारमा येशू जन्मनु भएको थियो। रोमी शासनको मुनी अनेकौं खराब आचरणहरूको प्रभावमा उहाँ पर्नुभएको थियो। आदम भन्दा पनि येशूलाई चोखो जीवन बिताउन कठिन थियो। तर पापीहरूकै बिचमा रहेर पनि उहाँले पापको प्रत्येक परिक्षामा पर्न अश्विकार गर्नुभयो, र उहाँ अन्तसम्म पापको छक्कापञ्जामा नपरि निर्दोष तथा स्वच्छ जीवन बिताउनुभयो। उहाँ सधैं पापरहित हुनुभएको थियो।"-एलेन जी ह्वाईट, द एसडिए बाइबल कमेन्टरी, ठेलि ६, पृ. १०७४बाट रूपान्तरित।

आदमको काम भन्दा येशूको कामहरू भिन्न थिए भनेर रोमी ५:१५-१९ पदहरुमा कसरी देखाउँछन्?

यहाँ देखाइएका विभिन्न तर्कहरूलाई हेर्नुहोस्ः मृत्यु र जीवन, अनाज्ञाकारिता र आज्ञाकारिता, दोषी हुनु र मुक्ति पाउनु, पापी र धर्मी जीवन बिताउनु आदि। येशू आउनुभएर आदमको कारणले भोग्नुपरेको दुखद परिणामलाई येशूले निराकरण अर्थात् सच्याउनुभयो।

रोमी ५ अध्यायको १५-१७ पदसम्म बरदान वा उपहार भन्ने शव्द पाँच पटक उल्लेख गरिएको कुरालाई पनि रोचक मान्नुपर्दछ। पाँच पटक ! पावलले भन्न खोजेका कुरा स्पष्ट र सरल छः परमेश्वरको सामु निर्दोष अर्थात् धर्मी ठहरिनुभनेको हाम्रो अथक प्रयास त्याग वा तपस्याले आर्जन गर्ने कुरा होइन रे ! तर यो परमेश्वरको बरदा वा हामी मानव जातको निम्ति उपहार हो रे ! फेरि सक्षम् वा योग्य भएकोले हामी निर्दोषी ठहरिएको होइन रे ! तर अरू सबै उपहार वा

बरदान जस्तै यस उपहार पाउन हामीले हाम्रो हात पसार्नुपर्दछ र त्यसलाई स्विकार गर्नुपर्दछ। र अनि, यस उपहारलाई हामीले विश्वासद्वारा दावी गर्नुपर्दछ।

तपाईंको जीवनमा सबभन्दा उत्तम उपहार के पाउनुभएको छ? के ले गर्दा यो असल तथा विशेष भएको छ? तपाईंले आर्जन नगरि पाउनुभएको उपहार पाउनुभएकोले तपाईं कसरी कृतज्ञ हुनुभयो? अनि त्यो उपहार, येशूले हामीलाई दिनुभएको उपहारसँग के तपाईं तुलना गर्न सक्नुहुन्छ?

**उपसंहार:** एलेन जी ह्वाईटद्वारा लिखित यी सामग्रीहरू पढ्नुहोस्:- *मिनिस्त्री अभ हिलिङ्ग*को पृ. ४७०-४७२मा उल्लेखित शिर्षक “हेल्प इन डेली लिभिङ्ग", *सेलेक्टड मेसेज*को पृ. ३८३, ३८४मा उल्लेखित, “क्राइष्ट द सेन्टर अभ द मेसेज," *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६०-६२को “द टेम्प्टेशन एण्ड फल" र *एसडिए बाइबल कमेन्टरी*को पृ. ७१२-७१४को “जस्टिफिकेशन"।

“ धेरै मानिसहरू आफ्ना हृदयको भावनाहरूबाट धोकामा परेका छन्। मानिसको मन स्वाभाविक रूपमा अत्यन्त पापी छन् र धेरै दुष्ट छन् भन्ने कुरालाई तिनीहरूले बुझ्दैनन् (यर्मिया १७:९)। आफ्नै असल कामले उनीहरू लपेटिएको हुन्छन् र आफू कति असल छु भनेर ढुक्क भएर बस्दछन्।"-एलेन जी ह्वाईट, *सेलेक्टड मेसेजक*, बुक १, पृ.३२०बाट रूपान्तरित।

“येशूमात्र आशा र मुक्तिको बाटो हुनुहुन्छ भन्ने सुसमाचार सुनाउनु अत्यन्त आवश्यक छ। जब विश्वासद्वारा मानिसको हृदयलाई स्वच्छ बनाउँछ भन्ने शिक्षा आयो तब त्यो शिक्षा तिर्खालागेको यात्रुले पाएको पानी जस्तै धेरै मानिसहरूले महशूस गरेका थिए। हामीलाई प्रदान गरिएको येशूको पवित्र जीवन हामी सक्षम् वा योग्य भएकोले पाएका होइनौं। बरू यो परमेश्वरले दिनुभएको सित्तैं बरदान हो। यो अत्यन्त सोच्नुपर्ने विषय हो।"*एलेन जी ह्वाईट, *सेलेक्टड मेसेज,* बुक १को पृ. ३६०बाट रूपान्तरित।

“दुःख कष्ट भनेको येशूको पाठशालाको एक शिक्षण सामग्री हो। पापले गर्दा फोहरी र अशुद्ध भएको परमेश्वरका छोराछोरीहरूलाई यसले सफा र शुद्ध पार्दछ। ती कष्ट तथा सङ्कष्टका अनुभवहरूद्वारा परमेश्वरले उनीहरूलाई डोऱ्याउनुहुन्छ। उहाँले चुन्नुभएको जनहरूलाई समस्या, परिक्षा तथा कष्टहरूबाट शिक्षा दिनुहुन्छ। येशूप्रतिको भक्ति जीवनको सफलता नै हामीमा आउने कष्टबाट प्राप्त हुन्छ। जुन

परमेश्वरले मानिसको हृदयलाई पढ्न सक्नुहुन्छ, मानिसहरूका सबै कमी-कमजोरीहरू ती मानिसहरूलाई भन्दा उहाँलाई थाहा छ। कोसँग ठिक चरित्र छ र कसरी आफ्नो काममा अग्रसर हुन सक्षम् छन् सो कुरा परमेश्वरलाई थाहा छ।"-एलेन जी ह्वाईट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ५२४बाट रूपान्तरित।

**चिन्तनमनन्:**

१. महा दुःखकष्ट आएको बेलामा तपाईँको विश्वासले तपाईँलाई कसरी थामी राखेको पाउनुभएको छ? ती कठिनाईको समयद्वारा तपाईँले आफ्नो र परमेश्वरको बारेमा के सिक्नुभएको छ। तपाईँको विगत अनुभवबाट दुःख र कष्टकर अवस्थामा गुज्रिरेहका मानिसहरूलाई तपाईँले कस्तो सान्त्वना दिन सक्नुहुन्छ?

२. मृत्युको बारेमा सोच्नुहोस्। जीवन र जीवनको सार्थकतालाई यसले कस्तो प्रभाव पार्दछ? हाम्रो जीवन अनर्थको छ किनभने यो केवल मृत्युमा अन्त हुन्छ भनेर कतिपय दार्शनिक र लेखकहरूले हाम्रो समक्ष ल्याएको पाउँछौं। हामी येशूभक्तभएको हैशियतले यस्ता धारणहरूलाई कसरी सामना गर्ने? समस्याबाट आउने सारा प्रश्नका जवाफहरू केवल येशूमा आशा राखेमा मात्र पाइन्छ भन्ने कुरालाई तपाईँले कसरी आत्मसात् गर्नुहुन्छ?

३. आदमको पतन हुँदा उनको पतित स्वभाव हामी सबैमा सरेको छ। यसरी नै येशूको बिजयी जीवनले विश्वासद्वारा ग्रहण गर्ने सबैलाई अनन्त जीवन प्रदान गरिएको छ। यस अचम्मको बरदानलाई मानिसहरूले उत्साहपूर्वक किन अंगाल्न चाहँदैनन्? येशूले जे दिनुहुन्छ र मानिसहरूको निम्ति उहाँले जे गर्नुभएको छ त्यो अरूलाई बुझाउन हाम्रो सक्रिय भूमिका कस्तो हुनुपर्दछ?